म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३४८ आइतबार १३ साउन २०८१ ने. सं. ११४४ दिल्लागा 28 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## स्थापना दिवसमा आश्रमलाई सहयोग

हेटौंडा, १२ साउन/हेटौंडा उपमहानगरपालिका-४ मा रहेको जनसेवक कर्मचारी उपभोक्ता सहकारी संस्थाले स्थापना दिवसको अवसरमा चौकीटोलमा रहेको ओम वृद्धाश्रमलाई शनिबार नगद सहयोग गरेको छ ।

सहकारी स्थापना भएको १४ वर्ष पूरा गरी १५ वर्षमा प्रवेश गरेको उपलक्ष्यमा आश्रमलाई १० हजार ५ सय ५ रुपैयाँ सहयोग गरेको सहकारीको व्यवस्थापक राजकुमार चौलागाईले जानकारी दिए । सहकारीका अध्यक्ष बसन्त राज गौतमले आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठलाई उक्त रकम हस्तान्तरण गरेका थिए ।

सहकारीमा ८ सय ६५ शेयर सदस्य आबद्ध रहेका छन् । कार्यक्रममा सहकारी सञ्चालक समितिका पदाधिकारीलगायतको उपस्थिति रहेको थियो ।

# बागमतीमा ४ मन्त्रीले लिए शपथ, १३ मन्त्रालयमा १४ मन्त्री पुर्‍याइयो

साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ बागमती प्रदेशमा कांग्रेसका तर्फबाट शनिवार ४ जना मन्त्रीले शपथ लिएका छन् । यसअघि एमालेका ६ जना र कांग्रेसका ३ जनाले ९ साउनमा सपथ लिइसकेका थिए ।

प्रदेश प्रमुख यादवचन्द्र शर्माले शनिबार हरि प्रभा खड्गी, सुरजचन्द्र लामिछाने, मिनकृष्ण महर्जन र विमल ठकुरीलाई पद तथा गोपनीयताको शपथ गराएका हुन् । मुख्यमन्त्री बहादुरसिं लामाले मन्त्री हेरफेर गरेका छन् । लामाले आफ्नै दल कांग्रेसका मन्त्रीहरुको जिम्मेवारी हेरफेरसँगै नयाँलाई जिम्मेवारी दिएर शनिबार शपथ गराइएको हो ।

उनले सामाजिक विकास मन्त्रालयमा हरि प्रभा खड्गीलाई नियुक्त गरेका छन् । सुरजचन्द्रलाई आन्तरिक मामिला तथा कानुन, मीनकृष्णलाई युवा तथा खेलकुद र विमललाई संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिएका छन् । मुख्यमन्त्री लामाले बिहीवार आर्थिक मामिला तथा योजना मन्त्री नियुक्त भएका रसुवाका प्रभात तामाङलाई हटाएर कुन्दन राज काफ्लेलाई जिम्मेवारी दिएका छन् ।



बुधबार विनाविभागीय मन्त्रीको शपथ लिएका काफ्लेलाई मुख्यमन्त्री लामाले बिहीबार नै सामाजिक विकास मन्त्रालयको जिम्मेवारी दिएका थिए । तर, काफ्लेले आर्थिक मामिला मन्त्रालय माग्दै शपथ कार्यक्रम रोक्न दबाव दिएका थिए । लामाले काफ्लेलाई आर्थिक मामिला पठाएसँगै रिक्त रहेको सामाजिक विकास मन्त्रालयमा हरि प्रभा पुगेकी हुन् । यसअघि महिलालाई मन्त्री नबनाएको भन्दै कांग्रेसभित्र विवाद चर्किएको थियो ।

शुक्रबार गृह जिल्ला नुवाकोट पुगेका मुख्यमन्त्री लामा त्यस दिन राती नै हेटौंडा आएर शनिवार बिहानै ४ जना मन्त्रीको सपथको तयारी गरेका थिए । ९ साउनमा मुख्यमन्त्री नियुक्त भएपछि आफ्नो निर्वाचन क्षेत्रका मतदातालाई धन्यवादसहित गुनासा र सरकारसँगको अपेक्षा सोधपुछका लागि उनी शुक्रबार नुवाकोट पुगेका थिए । उनी कांग्रेसबाट मन्त्रीहरुलाई सपथ गराएर मन्त्रिपरिषद्लाई पूर्णता दिएर मात्रै गृह जिल्ला जाने कार्यक्रम थियो । तर, कांग्रेसभित्रको विवादका कारण उनले बिहीवार साँझलाई तय गरिएको सपथ रोकिएको थियो ।

बागमती प्रदेश सरकारमा बिहीवार चार जनालाई मुख्यमन्त्री लामाले गुपचुपमै मन्त्री नियुक्त गरेपछि कांग्रेसमा विवाद चर्किएको थियो । मुख्यमन्त्री लामाले यसअघि एमालेका प्रकाश श्रेष्ठलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालय, अमन कुमार मास्केलाई भौतिक पूर्वाधार विकास मन्त्रालय, कृष्ण प्रसाद सिलवाललाई वन तथा वातावरण मन्त्रालय, सुकमाया तामाङलाई उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय, किरण थापालाई स्वास्थ्य मन्त्रालय र प्रेमभक्त महर्जनलाई श्रम, रोजगार तथा यातायात मन्त्रालयको जिम्मेवारी दिएका थिए ।

यससँगै बागमतीको मन्त्रिपरिषद्ले पूर्णता पाएको छ । १३ वटा मन्त्रालय रहेको बागमतीमा लामाले १४ जना मन्त्री संख्या पुर्‍याए । आफै पार्टीभित्र आकांक्षी धेरै रहेकाले मन्त्री संख्या बढाउनु परेको लामाको भनाई छ । लामाले विना विभागीय मन्त्रीको व्यवस्थापनका लागि तत्काल मन्त्रालय नफुटाउने बताए । मुख्यमन्त्री कार्यालयमा नै जिम्मेवारी दिने गरी तयारी भएको उनले बताए । गठबन्धन दलमा केही विषयहरु मिलाउनु पर्ने भएकाले मन्त्रालय विभाजन गर्ने सहमति नबनेको उनले बताए ।

### काठमाडौं उपत्यकाको मन्त्री धेरै

बागमतीको मन्त्रिपरिषद्मा काठमाडौं उपत्यकाको मन्त्री धेरै छ । उपत्यकाका ३ जिल्लाका मात्र ९ मन्त्री मुख्यमन्त्री लामाको क्याबिनेटमा मन्त्री बन्ने अवसर पाएका छन् ।

१० निर्वाचन क्षेत्र रहेको काठमाडौंले मात्र ६ मन्त्री पाएको छ । उपत्यकाको ललितपुरले २ र भक्तपुरले १ मन्त्री पाएको छ । काठमाडौंबाट एमालेका प्रकाश श्रेष्ठ, अमन कुमार मास्के मन्त्री बने भने कांग्रेसबाट श्याम खड्का, हरिप्रभा खड्गी, सुरजचन्द्र लामिछाने, विमल ठकुरी मन्त्री बने । ललितपुरबाट एमालेका प्रेमभक्त महर्जन र कांग्रेसका मीनकृष्ण महर्जन मन्त्री बन्ने अवसर पाए भने भक्तपुरबाट एमालेका किरण थापा मन्त्री बने ।

१३ जिल्ला रहेको प्रदेशमा १३ मन्त्रालय रहेको छ । उक्त मन्त्रालयमा ७ जिल्लाका सांसदले मन्त्री हुने अवसर पाएका छन् । प्रदेश राजधानी रहेको मकवानपुर सहित रसुवा, रामेछाप, काभ्रे, सिन्धुपाल्चोकले मन्त्री पाएनन् । कांग्रेसबाट दोलखाका कुन्दनराज काफ्ले, धादिङका मदु कुमार श्रेष्ठ मन्त्री बने भने एमालेबाट सिन्धुलीकी सुकमाया तामाङ र चितवनका कृष्णप्रसाद सिलवाल मन्त्री बने ।

# ४० वर्ष लागेसँगै नबिल बैंकको 'दीगो पाइला'



साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ वित्तीय क्षेत्रमा ४० वर्ष पूरा गरेको अवसरमा नबिल बैंकले 'दीगो पाइला' अभियान अगाडि सारेको छ ।

स्थापनाको ४० वर्ष सफलतापूर्वक पूरा गरेको बैंकले खुसीयालीमा शनिबार हेटौंडामा दीगो भविष्यको लागि र्‍याली कार्यक्रमको आयोजना गरेको छ ।

नबिल बैंक हेटौंडा शाखा, चिसापानी शाखा र मकवानपुरगढी शाखाको कर्मचारीहरु सम्मिलित र्‍यालीले हेटौंडा बजार परिक्रमा गरेको थियो ।

उक्त अवसरमा हेटौंडा शाखा व्यवस्थापक विशाल डंगोलले आजसम्म बैंकसँग कारोबार गरेर साथ दिनु भएकोमा सबै ग्राहकवर्गप्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनमा ग्राहकको सेवामा सदैव समर्पित रहने बताए ।

'नबिल बैंक अब दीगो भविष्यको बाटोमा अगाडि बढेको छ' व्यवस्थापक डंगोलले सबैखाले व्यवसायी तथा व्यक्तिगत आर्थिक कारोबार गर्न चाहनेहरुको लागि नबिल बैंक भरपर्दो सहयोगी हुनसक्ने बताए ।

# थाहाका १० जना विद्यार्थी सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ एसइई २०८० मा उत्कृष्ट जीपीए ल्याएका थाहा नगरका विद्यार्थीहरुलाई लियो क्लव अफ पिस थाहा नगरले सम्मान गरेको छ । साउन १२ गते थाहा नगरपालिका २ स्थित डाडाघरेबाको होमस्टेमा एक कार्यक्रम आयोजना गरि विद्यार्थीहरुलाई सम्मान गरेको हो ।

लियो क्लवका अध्यक्ष सिशिर खत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि थाहा नगर प्रमुख विष्णु विष्ट, प्याव्सन थाहा नगरका अध्यक्ष सुरेन्द्रमान प्रधानले संयुक्त रुपमा सम्मानपत्रले सम्मान गरिएको हो ।

सम्मानित हुनेहरुमा सरस्वती विद्या मन्दिर इङ्लीस बोडिङ स्कुलका लखिन्द्र मुखिया विन, पालुङ भ्याली हार्ट एकेडेमीका शान्ति विष्ट, दीपशिखा रायमाझी, दिप्ती केसी, विद्या मन्दिरका अमन जैसवाल, सुस्मिता सिं ठकुरी, स्मृति गोपाली, सुजना श्रेष्ठ र इअन इङ्लीस एकेडेमीका आशिष थिङ रहेका छन् ।

यसैगरी, थाहा नगरका सामुदायिक विद्यालयहरुमध्ये उत्कृष्ट नतिजा ल्याएका बागेश्वरी मावि टिस्टुङका अमृत गोले सम्मानित भएका छन् ।

सम्मान कार्यक्रममा नगर प्रमुख विष्ट, प्याव्सन अध्यक्ष प्रधान, लायन्स क्लव अफ थाहा पिसका निवर्तमान अध्यक्ष गीता कार्की, बागेश्वरी माविका प्रअ बीरमान स्याङ्तान, विद्यार्थीहरु दीपशिखा रायमाझी, लखिन्द्र मुखिया विन, कार्यक्रम संयोजक विराज थापा, अध्यक्ष सिशिर खत्रीलगायतले शुभकामना दिदै उकृष्ट नतिजा ल्याएका विद्यार्थीहरु थाहा नगरको गहना भएको बताउदै भविष्यमा थाहा नगरको नामसमेत उच्च बनाउने जिम्मेवारी थपिएको बताएका छन् ।

# सिमलटारका अगुवाहरुलाई नेतृत्व विकास तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ हेटौंडा उपमहानगरापलिका-११, सिमलटारका संघसंस्थाका अगुवालाई नेतृत्व विकास, संस्था संचालन तथा व्यवस्थापन सम्बन्धि तालिम सुरु गरिएको छ ।

लुमन्तीले शुक्रबारदेखि हेटौंडाको रोयल प्यालेसमा सुरु गरेको तालिममा स्थानीय टोल विकास संस्था, आमा समूह, योगा समुह, बालक्लब र गुम्बाका अध्यक्ष एवं प्रतिनिधिहरुको सहभागिता छ । आयोजकका अनुसार यो सिमलटारको लागि दोस्रो चरणको विशेष तालिम हो । तालिमपछि नयाँ नेतृत्व चयन गर्ने योजना रहेको संयोजक उद्धव भट्टराइले जानकारी दिए ।



तालिममा राम डंगोलले सहजीकरण गरिरहेका छन् । आइतबार १२ गतेसम्म चल्ने तालिममा २५ जनाको सहभागीता रहेको उनले बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्धारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

७०% बैंकिङ सुविधा

सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

Narayani College /TMMSS
Scholarship Up to 100%
Terms & conditions Apply
+2 NEB COURSES
ADMISSION OPEN FOR GRADE XI
Science
Hotel Management
Computer Science
Business Studies
Travel & Mountaineering
APPLY NOW



Quick Contact :
Tel: 057-522136 , 9855071876
9855087028, 9849010803
Hetauda-10, Bhutandevi Road

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# बालविवाहमुक्त बनाउन लागौं

विवाह गर्ने वा नगर्ने भन्ने प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानवअधिकारको दृष्टिकोणबाट आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने र आफ्नो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनुपर्दछ । यसका लागि प्राय: सबै मुलुकहरूले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् । नेपालको मुलुकी ऐनमा विवाहको लागि कानुनी उमेर २० वर्ष तोकिएको छ । नेपालको संवैधानिक इतिहासमा हालै मात्र जारी भएको नेपालको संविधानले बालविवाहलाई पहिलोपटक बालअधिकार हनन्को विषयको रूपमा उल्लेख गरी दण्डनीय अपराधको रूपमा स्वीकार गरेको छ । बालविवाह उच्च रहेको मुलुकहरूमध्ये नेपाल अग्रपंक्तिमा रहेको छ ।

दक्षिण एशियामा बंगलादेश र भारतपछि नेपाल तेस्रो स्थानमा पर्दछ । बालकको तुलनामा संख्यात्मकरूपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनबाट देखिएको छ । यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवम् सांस्कृतिक मान्यता, लैंगिक विभेद, गरिबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरू प्रमुख रूपमा देखिएका छन् । बालविवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट वञ्चितमात्र गराउँदैन आफ्नो भविष्यको छनौट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट पनि वञ्चित हुन्छन् । विशेष गरी बालिका र महिलाको सन्दर्भमा बालविवाहले एउटामात्रै अधिकारको उल्लङ्घन नगरी उनीहरूको जीवनचक्रमा थुप्रै अधिकार उल्लङ्घनको श्रृङ्खला सिर्जना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ ।

बालविवाहको कारण वैवाहिक जीवन दिगो नहुने, परिपक्व नभइ सन्तान जन्माउँदा स्वास्थ्यसम्बन्धी विभिन्न समस्याहरू देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता थप हिंसाहरूले बालिका र महिलाहरू थप पीडित हुन पुग्दछन् । कालान्तरमा समाज विकास प्रक्रियामा महिलाहरूको भूमिका र सहभागितालाई न्यून बनाइ सभ्य, सु-संस्कृत एवम् समतामूलक समाज निर्माण गर्न बालविवाह बाधक तत्व बन्न पुग्दछ । त्यसैले बालविवाहमुक्त समाज बनाउन सबै एकजुट भएर लाग्नुको विकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन १४ गते सोमबार २९ जुलाई २०२४ । नवमी, श्रावण कृष्णपक्ष । दिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:२६, सूर्यास्त ६:५३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परीक्षामा सफलता मिल्नेछ | **तुला** | : धर्मकर्ममा मन जानेछ |
| **वृष** | : पढाइमा रुचि बढ्नेछ | **वृश्चिक** | : नयाँ मित्रसँग भेटघाट हुनेछ |
| **मिथुन** | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | **धनु** | : अधुरो काम बन्ने सम्भावना छ |
| **कर्कट** | : शुभ समाचार मिल्नेछ | **मकर** | : मित्रहरुबाट सहयोग हुनेछ |
| **सिंह** | : भाग्योदयको योग छ | **कुम्भ** | : आफन्तबाट विरोध हुनेछ |
| **कन्या** | : सहयोगी हातहरु बढ्नेछ | **मीन** | : पेसाबाट घाटा देखिन्छ |

# राप्रपाको आगामी पाइलाहरु



✍ डा. डि.बी. मोक्तान
पिएचडी (समाजशास्त्र)
सल्लाहकार, राप्रपा जिल्ला समिति, मकवानपुर

बडो दुखकासाथ भन्नु परेको छ कि के.पी. ओली दुई तिहाई सरकारको प्र.मं. बन्ने वित्तिकै ८ अरब २६ करोड ऋणको पहिलो उपहार देश र जनताको नाउमा दिन सफल भएको छ । तीन करोड नेपाली जनतालाई दैनिक १८ घण्टा लोडसेडिङको अन्धकारमा राख्दै देश र जनतालाई आवश्यक पर्ने अति आवश्यकीय वस्तुहरुको उत्पादनमा कमी नआओस् भन्ने हेतुले नेपालविधुत प्राधिकरणले उद्योगी व्यावसायीहरुलाई २४ सै घण्टा उपलब्ध गराइएको डेडीकेटेड फीडर र ट्रकलाइन सेवामाथि घोर अन्याय भएको छ । देशप्रतिको यो सबैभन्दा ठूलो कुठारघात हो । प्राधिकरणले उपलब्ध गराई उत्पादन कार्यमा अतुलनीय सहयोग पुऱ्याएको डेडीकेटेड फीडर र ट्रकलाइन सेवाको महशुल दिनु उद्योगको कर्तव्य हो । तर उद्योगी व्यावसायीहरुले महंगो विधुत महशुलको कारण देखाई उत्पादित वस्तुहरुमा त्यत्तिखेरै मनपरी ढंगले मुल्यवृद्धि गरी सर्वसाधारण उपभोक्ताहरुलाई जुकाले रगत चुसे झैं चुसेर पनि नपुगेपछि राज्यदोहन गर्ने नियतवस सरकारलाई बुझाउन पर्ने राजश्वसमेत यी डाँकाहरुले अहिलेसम्म बुझाएको छैन ।

विधुत प्राधिकरणको कार्यकारी निर्देशक कुलमान घिसिङले उद्योग व्यावसायीहरुलाई विद्युत महशुल बुझाउन पटक पटक अनुरोध गर्दापनि विगत नौ बर्षदेखि विभिन्न बहानामा राजश्व नबुझाउने नियत देखाएपछि चेतावनी स्वरुप विद्युत आपुर्ति बन्द गराइएको थियो । तर उद्योग व्यावसायीभनाउदा यी राष्ट्रघाती दलालहरु भ्रष्टाचारका नाइके केपी ओलीको आशिर्वाद पर्खिरहेकाथिए । किनकी यिनीहरु ओलीका शुण्ड मुण्डहरु थिए । नभन्दै ओलीको हातमा शासनको वागडोर पुग्यो र पुग्नासाथ कार्यकारी निर्देशकलाई बोलाई उद्योग व्यावसायीहरुकै अगाडि 'धनी देख्दैमा पैसा माग्न पाइन्छ' ? जस्ता अति निकृष्ट र घृणित शब्द प्रयोग गर्दै तुरुन्त लाइन जडान गरिदिनु भनेर हुकुमी शासनको शैलीमा निर्देशन दियो । कार्यकारी निर्देशकले पनि लिखित आदेश नपाएसम्म लाइन जोडिन्न भन्ने ठाडो जवाफ दिए ।

यसरी अडान लिएपछि आफ्नो निर्देशनको अवज्ञा भएको महशुस गर्दै ओलीले आगो ओकल्दै कुलमान घिसिङलाई जागिरबाटै वर्खास्त गर्ने निर्देशनसहित नवनियुक्त उर्जामन्त्री भनेर चिनिने अर्को डाका दिपक खडका मार्फत काटिएको विधुत लाइन तुरुन्त जडान गर्न कडा आदेश दिइयो । तैपनि कुलमान घिसिङले टेरपुच्छर लाएनन । तर भित्रभित्रै कुलमानलाई बरखास्त गर्ने खिचडी पाक्दै थियो । त्यहिबेला कुलमान घिसिङलाई छोएरमात्र हेर ओली, तिम्रो हविगत के हुन्छ भन्दै तीन करोड देशभक्त जनताको खबरदारी आएपछि लाज पचेका ओलीले तीन महिनाभित्र राजश्व बुझाउने गरी लाइन जोडिदिनु भन्ने आशयको पत्र पठायो । त्यसपछिविधुत लाइन जोडन वाध्य भयो कुलमान । यसरी राज्यदोहनमा हावी भएको छ ओली ।

ओलीको इशारामा दिनदहाडै राज्यको ८ अरब २६ करोडलुटने यि लुटेराहरु जगदम्बा स्टील, जगदम्बा सिन्थेटीक मिल्स, घोराही सिमेन्ट, रिलायन्स रोलिङ मिल्स, अर्घाखाँची सिमेन्ट र हुलास स्टील उद्योग हुन । यी उद्योगका मालिकहरु सबै मारवाडी समुदायका हुन । यिनीहरु नेपाली उद्योगपति किमार्थ होइनन र त्यसरी लुटन आदेश दिने ओली यो देशको प्रधानमन्त्री हुनै सक्दैन । यिनी तदेश लुटने मारवाडीहरुका पार्टनर रहेछन् । अझ देउवा जस्ता देश बेचुवाको पूर्णसाथ पाएका यी भ्रष्ट गठबन्धनले भ्रष्टाचारको रेकर्ड गिनिज बुकमै लेखाउन सफल हुनेछ, किनकी उनीहरु झुठो वाचाको मायाजालमा जनतालाई प्रभावित पार्ने माहिर खेलाडी हुन् । त्यतिमात्र होइन, मेचीदेखि महाकाली र चाइना देखि लुम्विनी एकैदिनमा रेल, कोशी र गण्डकीमा पानी जहाज सलल, हावाबाट विजुली झलल, घरघरमा ग्यासको पाइप, बेरोजगारलाई रोजगार, बेघरवारलाई घरवार सुकुमबासीलाई दरवार भन्दै गफ दिने महागफाडी हुन् ।

उनीहरु चानचुने कमिशनखोर होइनन्, अरबौंको कमिशन खान तथा भ्रष्टाचार गर्न, ललिता निवासलगायत बाँसबारी, बाल मन्दिर, नेपाल स्काउट, गिरीवन्धु टी-स्टेट, गोकर्ण र गोदावरी रिसोर्ट, टीकापुर जस्ता सरकारी जग्गाहरु नितिगत रुपमै हडपिन सक्ने दलालहरु हुन् । त्यत्तिमात्र होइन, स्वदेशीलाई विदेशी शरणार्थी बनाई मानव तस्करलगायत सुनतस्कर गर्न, कोशी, गण्डकी, महाकाली, कर्णाली, अरुण र तमोर जस्ता खोलानाला बेच्न, वाइड बडी, न्यारो बडी, धमिजा, लाउडा तथाचाइना चेज एयरबसका नाउमा अरबौं कमिशन इवाम पार्नतालिमै लिएर आएका छन । त्यसैगरी टेरामोक्स, सेयुरिटी प्रिन्टिङ प्रेस, एमसीसी लगायत इम्बोस्ड प्लेट नम्बर अनिवार्य गराउने, नेपाली नागरिकहरुलाई नागरिकताको प्रमाणपत्र हुँदाहुँदै राष्ट्रिय परिचयपत्रबनाउन दवाव दिने र भारतीय मालवाहक सवारीको निर्वाध आवतजावत गराई नेपाली यातायात व्यावसायीहरुलाई धाराशायी बनाउने जस्ता राष्ट्रघाती विदेशी दलालहरु हुन् भनेर चिनिन्छ ।

यिनीहरु संघीयता र गणतन्त्रको नाउमा लुट मच्चाउन र सुखी नेपाली समृद्ध नेपाल बनाउने बहानामा अरबौ भीख माग्ने, आफ्नो स्वार्थ पुरागर्ने, बदलामा खोलानाला र खानी जिम्मा लगाउने, राष्ट्र, राष्ट्रियता र सार्वभौमसत्ता विदेशीको हातमा सुम्पने, धर्म, भाषा, संस्कार र संस्कृतिको नामोनिशान मेटाउन विदेशीको चाकरीमा रमाउने देशद्रोही र भतुवादलालहरु हुन । त्यतिमात्र होइन, युवा स्वरोजगारको दुहाई दिने तर रोजगारको नाउमा उद्योग तथा कलकारखाना केही स्थापना नगर्ने, भएको उद्योगहरु बन्द गराई कृत्रिम बेरोजगार सृजना गरी युवाहरुलाई विदेश लखेटने, राजनीतिक संरक्षणमा साहुमहाजनहरुबाट संचालित लघुवित्त तथा कृषि सहकारी एवं ग्रामिण वित्तिय बैंकहरुको शेयर होल्डर बनी साना घरेलु उधमीहरु, साना किसान तथा गरिव जनताको घरवार लुटने र मृत्युवरण गर्न वाध्य बनाउने हत्याराहरु हुन यिनीहरु ।

यस अर्थमा वर्तमान गठवन्धन सरकार इतिहासकै कँलकित गठवन्धन सरकार हो । यिनीहरुबाट देश बन्छ र नेपालीले सुख समृद्धिको अनुभूत गर्न पाउंछ भन्नु सर्वथा भूल हुनेछ । सुशासन, समृद्धि तथा स्थिर राजनीतिक निकास, देश र जनताको विकास चाहने हो भने सदनबाट जनप्रतिनिधिहरु, सडक र घरघर बाटनागरिकहरु उठनुको विकल्प छैन, मित्रहरु ।

लघुवित्त, कृषि सहकारी एवं ग्रामिण वित्तिय बैंकहरुबाट लुटिएकागरिव, दुखी, साना किसान तथा पिडीत उद्यमीहरु, गाँजा ओसार पसारको आरोपमा वन्दी बनाइएका पिडीतहरु, राज्यबाटै पिडीत यातायात व्यावसायीहरु, बेरोजगार युवा दाजुभाइ तथा दिदीबैनीहरु एवं समस्त देशभक्त जनता तथा सचेत नागरिक वन्धुहरु अब हामी एक ढिक्का हुनु र लुटेरा सरकारलाई खबरदारी गर्दै आमुल परिवर्तन र लोककल्याणकारी राज्य स्थापनाको लागि अघि बढनुको अर्को विकल्प छैन ।

यसो भन्दै गर्दा नेपाली काँग्रेस र एमालेका केही कार्यकर्ताहरुलाई सहिनसक्ने गरी भत्भती मुटु पोल्दो हो । नपोलोस पनि कसरी ? सत्ताको वागडोर हातमा नहुँदा त मोजमस्ती थियो, अहिले त झन डाढुपन्यु नै हातमा आएको छ । दुवै हातमा लड्डु । के चाहियो र ? तर आदरणीय कामरेड र काँग्रेसी मित्रहरु, १०% तपाइँ र तपाइँका परिवार जस्ता अवश्य खुशी होलान्, सुखी पनि होलान् । तर ९०% को जिवनको कथा र व्यथा बुझ्ने प्रयास गर्नुस् । यथार्थता आँखा अगाडि झल्कनेछ ।

भ्रष्टाचारमुक्त सुशासन, राजनीतिक स्थायित्व र आर्थिक विकासको निकास भनेकै स्थायी सरकार हो । त्यसो हुनाले संविधान संशोधन गरि प्रत्यक्ष जननिर्वाचित कार्यकारी प्रमुख प्रणाली लागू गर्नसके आर्थिक समृद्धिकासाथै राजनीतिक स्थिरता कायम गर्न सकिन्थ्यो । हिन्दु, किराँत, बौद्ध, वोन, प्रकृतिपूजक जस्ता शदियौंदेखिको सनातन संस्कृति र सभ्यताहरूको संरक्षण गर्नु आजको आवश्यक्ता पनि हो । यसको अर्थ अन्य धर्मावलम्वीहरुको कुनै अस्तित्व नै छैन भन्न खोजिएको होइन । सर्वधर्म समभावको मूल मन्त्रलाई शिरोधार्य गर्दै सबै धर्महरु समान छन् । मुस्लिम, शिख, जैन, क्रिश्चियन सबै एकअर्काको पुरक हुन् । केवल सोंचमा फरक हो भन्ने मान्यता अनुरुप सबैखाले धर्मलाई सम्मानका साथ स्वीकार्दै अविभावकीय भूमिकाको रुपमा देशमा शान्ति सुरक्षा तथा समृद्धिको अमन चयन कायम गर्न राजसंस्था अपरिहार्य भएको सत्यतालाई मनन गर्दै राजसंस्था पुनस्थापना गर्न गराउन राप्रपा हार्दिक अपिल गर्दछ । यो हाम्रो आफ्नो भनाइ हो, हाम्रो मान्यता हो ।

हामीलाई थाहा छ कि हालसम्म राप्रपा मात्रएउटा यस्तो पार्टी हो जस्को कुनै पदाधिकारीहरुमाथि भ्रष्टाचार वा आर्थिक अपचलनको कुनै दाग लागेको छैन ।वर्तमान राष्ट्रिय अध्यक्ष माननीय राजेन्द्र लिङदेन, पूर्व प्र.मं. लोकेन्द्र बहादुर चन्द, माननीय पशुपति शमशेर राणा, माननीय बुद्धिमान तामाङ, वरिष्ठ उपाध्यक्ष रविन्द्र मिश्र, डा. प्रकाशचन्द्र लोहनी, माननीय विक्रम पाण्डे, माननीय धवल शमशेर राणा, माननीय ज्ञानबहादुर शाही, माननीय दिपक बहादुर सिंहलगायत सयौं देशभक्त तथा राष्ट्रवादी केन्द्रीय नेताहरु हुनुहुन्छ जस्को नाम लिंदा पनि गर्व महशुस हुन्छ ।

डुङ्डुङ्ती गन्हाएको वर्तमान ठूला पार्टीहरु तथा त्यस्मा आवद्ध झिना मसिना पार्टीहरु जो शती जान तयार छन्, त्यस्ता पार्टीहरुको के कुरा गर्नु ? हाम्रा चुनौती भनेको माओवादी केन्द्र र रास्वापा हो । ठूला पार्टीहरुको हविगत त देखिई नै सकियो । प्रतिपक्षमा बस्नेमाओवादी केन्द्र र रास्वापाको हविगत पनि त आँखै अगाडि छ । उनीहरु निरन्तर खुइलिँदै छ । दिनदिनै जनताको भरोसाराजा र राप्रपा माथि बढदै छ । राप्रपाले नै प्रतिपक्षको दरो भुमिका निर्वाह गर्नेछ भन्ने जनताको अपेक्षा रहेको छ । आगामी चुनावमा सके पहिलो नत्र दोश्रो ठूलो शक्ति बन्ने अभियानमा लाग्नु सबैभन्दा उत्तम हो भन्ने मलाई लागेको छ । तर संगठन त चाहियो । माननीयद्वय राजेन्द्र लिङदेन र ज्ञानेन्द्र शाहीले सदनमा बोलेको भरमा संगठन विस्तार संभव छैन । जाने त फिल्डमै हो । हुन त मेरो यो नितान्त व्यक्तिगत चिन्तन हो ।यो डेढ अक्कले को हो र कहाँबाट आयो भन्नु होला । डोन्ट वरी । म त एउटा शुभ चिन्तक सिपाही मात्र हुँ । मन्त्रीको दौडमा रहनु हुने माननीयहरु, केन्द्र सम्हाल्ने नेतागणहरु, नीति नियम बनाउने सर्जकहरु, प्रचार प्रसार र संगठन विस्तार गर्ने कार्यकर्ताहरु नै बढी चिन्तित हुनु पर्दछ ।

अन्त्यमा, आदरणीय नेतागणहरु, राप्रपा पहिलो ठूलो दल बन्ने दौडमा सामेल हुने हो भने आजैबाट दौडको अभ्यासमा जुटौं । मित्रहरु, दौड त केवल साध्य हो, साधन त संगठन हो । संगठन पनि साध्य नै हो, साधन त जनता हो जो यत्रतत्र गाउंघरमा छरिएर बसेका हुन्छनर अन्त्यमा जनता पनि साध्य नै हो, साधन त ऐजेण्डा पो हो जस्ले विगतबाट सिक्दै वर्तमानलाई भविष्यतर्फ डोऱ्याउँदै अन्तिम लक्ष्यमा पुऱ्याउन मदत गर्दछ । ऐजेण्डा यस्तो अचुक अस्त्र हो जसले कल्पनै नगरेको सफलता प्राप्त गर्न सक्छ । ऐजेण्डा यस्तो अचुक मार्गचित्र हो जस्ले लाखौं व्यक्तिको आस्था, विश्वास र भरोसाले भरिएकोएउटा सिद्धान्तलाई साझा विचारको रुपमा संसारलाई मूर्तरुप दिने गर्दछ किनकी ऐजेण्डाले विभिन्न विषयको उद्देश्य, औचित्य, त्यसको महत्व, काम गर्ने तौर तरिका र कार्यविधितथा प्रतिफल प्राप्त गर्न सिकाउँछ र तार्किक निश्कर्षमा पुग्न मदत गर्दछ । त्यसैले संगठन निर्माणमा जानु अघि ऐजेण्डा तय गर्न जरुरी छ । ऐजेण्डा तयगर्न ढिलाई नगरौं । देशको पहिलो शक्ति बन्ने अवसर हाम्रै हातमा छ । राष्ट्रिय नेताहरु बेलैमा सचेत र गम्भीर हुन जरुरी छ किनकी जिल्ला अधिवेशन पनि नजिकिँदै छ । जय राष्ट्रवाद ।

# वास्तविक प्रेम नै सबैभन्दा ठूलो उपहार हो

✍ प्रेम रावत

हरेक मानिसले अर्को मानिसलाई दिन सक्ने त्यस्तो कुन चीज हो ! मेरो विचारमा हरेक मानिसले अर्को मानिसलाई दिन सक्ने सबैभन्दा ठूलो चीज भनेको 'प्रेम' नै हो । वास्तविक प्रेम प्रदान गर्नु अर्थात् वास्तविक प्रेमभाव प्रस्तुत गर्नु सबैभन्दा ठूलो उपहार दिनु हो । प्रेम नै एक व्यक्तिले अर्को व्यक्तिलाई प्रदान गर्न सक्ने कुरा हो । प्रेम अक्षरहरूभित्र हुँदैन । त्यो किताबहरूमा पनि छैन । त्यो सबैको फदयमा छ । प्रेम त कहिल्यै पनि नमर्ने विषय हो ।

हाम्रो चाहना अनि वास्तविक चीज-यी दुवै कुरा किन फरक-फरक छन् ? त्यो शक्ति सबैको फदयमा विराजमान छ । त्यो चीज हरेक कण-कणमा विराजमान छ । नबालिएको डोरीमा पनि उनी छन् अनि यदि त्यो डोरी बलेर खरानी भयो भने पनि त्यो डोरीको खरानीमा समेत उनी हुन्छन् । हामीमा विराजमान छन् अनि हामी यो संसारबाट बिदा भएर जाँदा हाम्रो काम नगर्ने शरीरमा पनि उनी विराजमान हुन्छन् । त्यसपछि हाम्रो शरीरलाई जलाइन्छ र हामी खरानी हुन्छौं । उनी त्यसमा पनि विद्यमान हुन्छन् । खरानी भएपछि त्यसलाई बगाइन्छ र त्यो पानीमा मिसिन्छ । उनी त्यतिखेर पनि त्यसमा विराजमान हुन्छन्, किनभने उनी पानीमा विराजमान हुन्छन् ।

यदि हामीलाई गाडिदिए अनि हामी सड्न थाल्यौं भने त्यो सडेको शरीरको भागमा पनि उनी रहेका हुन्छन् । किनभने, उनी पहिल्यैबाट माटोमा पनि थिए । यसर्थ हामी उक्त माटोबाट बनेका हौं भने त उनी हामीमा पनि विराजमान हुन्छन् । अर्को कुरा हामी उनीबाट कहिल्यै पनि टाढा रहन सक्दैनौं । उनी हामी नभएको समयमा पनि थिए । उनी हामी भएका समयमा पनि छन् र हामी नभएका समयमा पनि रहिरहनेछन् । यसमा तीवटा कुरा आए- उनी थिए, छन् र रहनेछन् । तथापि, तपाईंमा यो कुरा लागू हुँदैन । तपाईं पहिला हुनुहुन्नथ्यो, आज हुनुहुन्छ र एक दिन रहनुहुनेछैन । यदि यी सबै कुरा हामीबाट निस्कियो भने तपाईंले कुन कुरा के हो भनेर केही पनि बुझ्न सक्नुहुन्न । कबीरदासजी भन्छन्, 'उनी माहुतेमा पनि छन् र हात्तीमा पनि छन् ।'

यदि यस्तो हो भने त सबैमा चैनको बाँसुरी बज्नुपर्ने हो नि । होइन त ? अनि, यो क्रोध कहाँबाट आउँछ, यो दु:ख कहाँबाट आउँछ ? हेर्नुहोस्, तपाईंको पनि एउटा संसार छ । तपाईं यो संसारमा बस्नुहुन्छ । यसमा राम्रो र नराम्रो दुवै कुरा हुन्छ । तपाईं आफूलाई खुशी प्राप्त हुने काम गर्नुहुन्छ र तपाईं आफूलाई दु:खी तुल्याउने काम पनि गर्नुहुन्छ । 'उनी' त सबैतिर छन् र उनको संसार फरक छ । तपाईं त सबै क्षेत्रमा विराजमान उनी तपाईंको दुनियाँमा पनि आऊन् भन्ने चाहना राख्नुहुन्छ । जे भइरहेको भए पनि उनी हाम्रै संसारमा होऊन् भन्ने हाम्रो चाहना हुन्छ । तर, तपाईंको संसार वास्तविक संसार होइन । तपाईंको संसार त तपाईंको विचारको संसार हो । तपाईंको सोचको संसार हो । तपाईंले आफ्नो सोचका आधारमा उनलाई बुझ्न सक्नुहुन्न । तपाईंले उनलाई केवल अनुभवका माध्यमबाट मात्रै बुझ्न सक्नुहुन्छ । यदि तपाईं उनलाई अनुभव गर्न चाहनुहुन्छ भने तपाईंले उनको संसारमा जानु आवश्यक हुन्छ । उनी तपाईंको संसारमा आउँदैनन् । के तपाईं उनको संसारमा जान तयार हुनुहुन्छ या हुनुहुन्न ? उनको संसारमा जाने कुरा सहज छैन, किनभने यसका लागि हामीले आफ्नो जीवनमा बोकिरहेका यी सबै खाले बोझलाई त्याग्नुपर्ने हुन्छ । यो बोझ यति सहजै हामीबाट छुट्न सक्दैन ।

हामीले सृष्टिकर्तालाई आफ्नो इच्छा अर्थात् आफ्नो धारणाअनुसार बाँधिरहेका छौं । त्यो बँधाइ पनि कस्तो छ भने, न हामी हिँड्न सक्छौं, न त उनी हिँड्न सक्छन् । उनी त यी सारा चीजबाट स्वतन्त्र छन् । उनलाई यी चीजसँग केही लिनुदिनु नै छैन । केवल कुरा के मात्रै हो भने, उनी कण-कणमा छन् र उनी कण-कणमा भएका कारण हाम्रो फदयमा पनि छन् । उनी तपाईंको फदयमा भएकाले हामी जीवित रहेसम्म उनको आनन्द लिन सक्छौं । त्यसपछि सक्दैनौं । यो बुझ्नुपर्ने विषय हो । यो जान्नुपर्ने कुरा हो । यो पहिचान गर्नुपर्ने विषय हो । तपाईंले कल्पनाको संसारमा रहेर ती सृष्टिकर्तालाई अनुभव गर्न सक्नुहुन्न । कल्पनाको संसारमा रहेर तपाईं अरू कसैको मुरलीलाई सुन्न सक्नुहोला तर उनको मुरली कल्पनाको संसारमा बज्दैन । कल्पनाको संसारभन्दा बाहिर निस्कनुहोस् । त्यसपछि तपाईंले वास्तविकतालाई देख्न सक्नुहुनेछ । साँचो कुरा के हो भने, ती सृष्टिकर्ता सारा संसारमा विराजमान छन् । हरेक कण-कणमा व्याप्त छन् ।

उनी सबैको फदयमा विराजमान छन् । यसको अर्थ हामी उनलाई अनुभव गर्न सक्छौं । यसका साथै हामीलाई प्राप्त भएको यो छोटो समयलाई सफल तुल्याउन सक्छौं । विचारको संसारमा रहनु कुनै खराबी होइन तर वास्तविक संसारमा रहन नसक्नुचाहिँ राम्रो कुरा होइन । अत: यो जीवनलाई सफल बनाउन चाहनुहुन्छ भने उनलाई पनि अनुभव गर्नुपर्छ ।

हिजोआज मानिसहरू एक-आपसमा प्रेमको तुलनामा घृणा नै बढी गर्छन् । किन यस्तो भइरहेको छ ! घृणालाई प्रेममा बदल्ने तरिका के हो ? कसरी हामी घृणालाई प्रेममा रूपान्तरण गर्न सक्छौं ! घृणाको मूल कारण के हो भने, जसले आफ्नो जीवनमा वास्तविक प्रेमलाई कहिल्यै महसुस गर्न सकेन, जसले प्रेमका बारेमा जान्दै जान्दैन भने उसले कोसँग प्रेम गर्न सक्ला र ! उसले त घृणालाई नै प्रेम गर्नेछ । अनि, हामी मानिसले घृणालाई अँगाल्न सिकेका छौं । प्रेमलाई प्रेम गर्न हामी जान्दै जान्दैनौं । हामीभित्र विराजमान जुन शक्ति छ, जुन श्वास हामीभित्र आइरहेको छ अनि गइरहेको छ, त्यो सृष्टिकर्ताको आशीर्वाद हो । हामीले उनीसँग अर्थात् आफूले आफैँसँग प्रेम गर्न नसिकेसम्म हामीले कोसँग प्रेम गर्न सिकौंला र !

हामीले आफ्नो अपेक्षासँग प्रेम गर्न सिकेका छौं । हामी घरमा आइपुगेपछि के आशा राख्छौं भने, मीठो खाना खान पाइनेछ । तथापि, सोचेजस्तो भएन भने तपाईंको प्रेम के हुन्छ ! तपाईं आफ्नो छोरासँग प्रेम गर्नुहुन्छ तर तपाईंको छोरो विद्यालयमा अनुत्तीर्ण भयो भने तपाईंको उसप्रतिको प्रेमको अवस्था कस्तो हुन्छ !

प्रेम गर्न सिक्नुहोस् ! यो श्वाससँग प्रेम गर्न सिक्नुहोस् ! यो जीवनसँग प्रेम गर्न सिक्नुहोस् । यदि प्रेम गर्न सिक्नुभयो भने जोसँग प्रेम गर्नुहुन्छ नि त्यस बेलामा प्रेम के हो भन्ने कुरा बुझ्न थाल्नुहुन्छ । अहिले त कुनै पनि चीजको परिणामसँग प्रेम गर्नुहुन्छ । घरमा भनेजस्तो खाना पाकेन भने के हाम्रो प्रेम पनि समाप्त हुन्छ त ! ग्रिसका दार्शनिक सुकरातले भनेका छन्, 'जुन चीजको तपाईंलाई चाहना थियो यदि त्यो चीज प्राप्त भएन भने तपाईंलाई दु:ख लाग्छ । यदि तपाईंलाई त्यो प्राप्त हुन्छ जसलाई तपाईंले चाहनुभएकै थिएन भने पनि तपाईंलाई दु:ख लाग्छ । तपाईंलाई यदि त्यो प्राप्त भयो जुन तपाईंको चाहना नै हो तब पनि तपाईंलाई दु:ख नै छ ।'

उदाहरणका लागि यदि हामीले हाम्रो सिरानीमुनि एउटा स्वर्णमुद्रा प्राप्त होओस् भन्ने चाहना राख्यौं र यदि त्यो प्राप्त भएन भने हामी खुशी हुँदैनौं । यदि त्यो प्राप्त भयो जुन हाम्रो चाहनामा थिएन भने जस्तो कि सर्प ! तब पनि त खुशी हुन सक्दैनौं । किनभने, त्यसलाई हामी राख्न सक्दैनौं । यो सारा संसारमा हरेक चीज बदलिरहेको छ तर परिवर्तन हुने कुरालाई हामी रुचाउँदैनौं । हामी कुनै चीज परिवर्तन होओस् भन्ने चाहना राख्दैनौं तर हरेक चीज बदलिर हनेछ । जब तपाईं स्वयंले आफूभित्र हेर्न थाल्नुहुनेछ, आफूलाई बदल्नुहुनेछ तब तपाईंले ती सृष्टिकर्ता त तपाईंभित्रै रहेको कुरा थाहा पाउनुहुनेछ । स्वयंलाई चिनेको दिनदेखि बाँकी सबैलाई चिन्न शुरु गर्नुहुनेछ। स्वयंलाई बदलेपछि तपाईंको जीवन पनि बदलिनेछ । परिवर्तन भइरहने चीजसँग प्रेम गर्न एकदमै गाह्रो हुन्छ । तथापि, एउटा चीज छ जुन बदलिँदैन । यो संसारमा प्रेम हुनुपर्छ, तर मानिसले वास्तविक प्रेम के हो, त्यसलाई पनि बुझ्नुपर्ने हुन्छ । साँचो प्रेमलाई बुझेपछि मानिसले वास्तवमा प्रेम गर्न सक्छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# ‘भीआईपी’ बाटै तोडिन्छ प्राविधिक उडान नियम



काठमाडौं/१५ वैशाख २०७९ मा नेपाल एयरलाइन्सको वाइडबडी जहाज काठमाडौंबाट गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका लागि उड्यो । त्यो जहाजमा तत्कालीन पर्यटनमन्त्री प्रेम आलेसहित पर्यटन मन्त्रालय, नेपाल एयरलाइन्स र नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणका उच्च अधिकारीहरू सवार थिए । यो जहाज धावनमार्गमा अवतरण गरिसकेपछि केहीबेर रोकिन पुग्यो । जहाज मोड्ने बेला पाइलटले भेउ नपाएका कारण जहाज पुन: सोझो बनाएर मोड्नुपर्ने भयो । नेपाल एयरलाइन्सले नयाँ विमानस्थलमा परीक्षणका लागि गरेको यो उडानमा पर्यटनमन्त्री र प्राधिकरणबाटै परीक्षण उडानको नियम उल्लंघन गरिएको थियो ।

६ असार २०८१ मा श्री एयरलाइन्सले काठमाडौं-भरतपुर परीक्षण उडान गर्‍यो । तत्कालीन उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने, पर्यटनमन्त्री हितबहादुर तामाङसहित प्राविधिकहरू त्यो उडानमा सहभागी थिए । ४२ सिटे जहाजबाट नियमित उडान भइरहेको यो विमानस्थलमा पहिलो पटक श्रीको ८० सिट क्षमतायुक्त जहाज परीक्षण गर्न उक्त उडान गरिएको थियो ।

८ पुस २०७९ मा पोखरास्थित पुरानो विमानस्थलबाट नयाँ विमानस्थलमा यती र बुद्ध एयरका जहाजबाट परीक्षण उडान गरियो । ती उडानमा पोखरा महानगरपालिका मेयर धनराज आचार्यसहित स्थानीय पर्यटन व्यवसायीले जहाज खचाखच भरिएका थिए । ती जहाज पहिलो पटक विमानस्थलमा ओर्लिएका थिए ।

१७ असोज २०७७ मा तत्कालीन पर्यटनमन्त्री योगेश भट्टराईको नेतृत्वमा डोटी दिपायल, बैतडी पाटन विमानस्थल र बझाङ चैनपुर विमानस्थलमा परीक्षण उडान गरिएको थियो । लामो समयदेखि बन्द भएका विमानस्थलको स्तरोन्नतिपछि परीक्षण उडान गरिएकोमा जहाजमा प्राविधिकभन्दा धेरै राजनीतिक दलका नेताले यात्रा गरेका थिए ।

यी केही प्रतिनिधिमूलक उदाहरण हुन्, जसले नेपालमा विशिष्ट व्यक्ति (भीआईपी) बाटै प्राविधिक उडान नियम उल्लंघन भएको छ । यसमा न उड्डयन नियामक प्राधिकरणले भीआईपीलाई प्राविधिक उडानमा चढ्नबाट रोक्न सकेको छ, न भीआईपी आफैंले पनि प्राविधिक उडानको जोखिम आकलन गर्न सकेका छन् ।

गत बुधबार दुर्घटनामा परेको सौर्य एयरलाइन्सको पूर्णमर्मत गर्न गरिएको ‘फेरी फ्लाइट’ मा प्राविधिक बाहेक असम्बन्धित व्यक्ति राखेर उडाएको खुलेसँगै नेपालमा प्राविधिक उडानलाई कति हल्का लिइन्छ भन्ने खुलेको हो ।

सौर्य एयरलाइन्सले चार वर्षीय बालकलाई समेत आफ्नो कर्मचारी भन्दै नामको सूची विमानस्थलमा बुझाएको थियो । यस्तै प्रवृत्ति जहाज र विमानस्थलमा हुने परीक्षण उडानका दौरान देखिने गरेको छ ।

उड्डयन प्राधिकरणका एक उच्च अधिकारीका अनुसार सामान्यतया प्राविधिक प्रकृतिको जहाजमा असम्बन्धित यात्रु राख्नु हुँदैन । तर, राजनीतिक व्यक्तिको दबाबका अगाडि प्राधिकरण सधैं निरीह हुने गरेको छ ।

‘विमानस्थल होस् वा जहाजको परीक्षण उडान, हरेक नेताका लागि काम देखाउने विषय हो,’ ती अधिकारी भन्छन्, ‘सोहीकारण यस्ता उडानमा आफूलाई लैजान ठूलो दबाब हुने गर्छ ।’

यसरी स्वयम् नियामक निकायले आफ्नै नेतृत्वमा नियम विपरीत प्राविधिक तथा परीक्षण उडान गराइरहेको छ ।

नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक सञ्जीव गौतमले एक आलेखमा राजनीतिक व्यक्तिबाट परीक्षण उडानमा दिइने दबाबबारे रोचक प्रसंग उल्लेख गरेका छन् ।

१७ चैत २०८० मा अनलाइनखबरमा प्रकाशित ‘बादलभित्रको अत्यास लाग्दो त्यो आठ मिनेट’ शीर्षकको आलेखमा २४ जेठ २०७५ का दिन गुल्मीको रेसुंगा विमानस्थलको धुले मैदानमा गरिएको परीक्षण उडानबारे उल्लेख छ । उनका अनुसार यसरी गरिने परीक्षण उडानमा प्राविधिक बाहेक अन्यलाई उडान अनुमति हुँदैन ।

करिब ८ मिनेट बादलभित्रको अन्धाधुन्ध उडान, डर र त्रासदीपूर्ण यात्राबारे गौतमले आलेखमा उल्लेख गरेका छन् । जसमा उनले प्राविधिक बाहेक व्यक्ति यात्रा गर्दा प्राविधिक उडानमा हुने जोखिमबारे उल्लेख गरेका छन् ।

सौर्य एयरलाइन्सले मर्मत गर्नुपर्ने जहाजमा प्राविधिक बाहेक अन्य व्यक्ति उडाएर गल्ती गरिरहेको चर्चा भइरहँदा यो वातावरण सिर्जना हुनुमा नियामक निकाय र यसको नेतृत्वकर्ताबाटै अगुवाइ भइरहेको देखिन्छ ।

यसप्रति न सरकार गम्भीर देखिन्छ, न वायुसेवा कम्पनीले नै नकार्न सकेका छन् । यसले नेपालको हवाई क्षेत्र झनझन असुरक्षित बन्दै गएको छ ।

*(अनलाइनखबरबाट)*

# हेटौंडामा छात्रवृत्ति परीक्षाबाट ५ जना नक्कली परीक्षार्थी पक्राउ

साझाकुरा संवाददाता



हेटौंडा, १२ साउन/ हेटौंडाका २ विद्यालयबाट ५ जना नक्कली परीक्षार्थी पक्राउ परेका छन् । शनिबार डिप्लोमा प्रमाण पत्र तहको नि:शुल्क छात्रवृत्तिका लागि भएको छनोट परीक्षामा सहभागी ५ जना नक्कली परीक्षार्थी पक्राउ परेका हुन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीका अनुसार सिद्धार्थ माध्यमिक विद्यालय र भुटनदेवी माध्यमिक विद्यालयबाट ५ जना नक्कली परीक्षार्थीलाई पक्राउ गरिएको हो । हेटौंडा उपमहानगर पालिका-४, स्थित भुटनदेवी माध्यमिक विद्यालय परीक्षा केन्द्रबाट ४ जना र हेटौंडा उपमहानगर पालिका-२ स्थित सिद्धार्थ मावि परीक्षा केन्द्रबाट १ जनागरी ५ जना नक्कली परीक्षार्थी पक्राउ परेका हुन् ।

प्रहरीले भुटनदेवी माध्यमिक विद्यालय परीक्षा केन्द्रबाट बारा पर्वानीपुर नगरपालिका-२ का २० वर्षीय नरेन्द्र महतोले रौतहट घर भएका १९ वर्षीय असाव आलमको नाममा परीक्षा दिइरहेका थिए । त्यस्तै, चितवनको भरतपुर महानगर पालिका-८ का १५ वर्षीय रुपेश यादवले १८ वर्षीय निमेश राय यादवको नाममा परीक्षा दिइरहेका थिए भने सर्लाहीको विष्णु गाउँपालिका-७ का १८ वर्षीय राजिव कुमार राउतले सिराहाका १८ वर्षीय ललन कुमार यादवको ठाउँमा परीक्षा दिँदै थिए ।

त्यस्तै, रौतहटको गरुडा नगरपालिका-२ का १८ वर्षीय लालबाबु सहनीले सर्लाहीका १८ वर्षीय सुनिल महतोको नाममा परीक्षा दिइरहेका थिए । सिद्धार्थ मावि परीक्षा केन्द्रबाट धनुषा उपमहानगर पालिका-१२ का २० वर्षीय रमेश यादवलाई शंका लागेर सुरक्षा जाँच गर्दा बारा पचरौता गाउँपालिका-५ का राकेश कुमार ठाकुरको नाममा परीक्षा दिइरहेको अवस्थामा पक्राउ गरेको थियो ।

# १५ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान

साझाकुरा संवाददाता



हेटौंडा, १२ साउन/ रिद्धिसिद्धि सिमेन्टले १५ जना विद्यार्थीलाई ‘मकवानपुर स्मार्ट स्टुडेन्ड अफ द इअर २०८१’ को छात्रवृत्ति प्रदान गरेको छ ।

शनिबार एक कार्यक्रमको आयोजना गरी रिद्धिसिद्धि सिमेन्टले २०८१ मा ३.५ जीपीएदेखि ४ जीपीएसम्म नतिजा ल्याएका विद्यार्थी मध्यबाट छनोट गरी १५ जनालाई छात्रवृत्रि प्रदान गरेको हो । रिद्धिसिद्धिले तोकेको मापदण्ड पुरा गरी ‘मकवानपुर स्मार्ट स्टुडेन्ड अफ द इअर २०८१’ मा नवोदय शिशु सदनका अदिस लम्सालले ८५.४८ नम्बर ल्याएर प्रथम, ज्ञानोदय बालबाटिका एकेडेमीका सुमिन मानन्धर ८३.०८ नम्बर ल्याएर दोस्रो र आधुनिक राष्ट्रिय सेकेण्डरी स्कुलका ललेन्द्र कुमार शाह ८२.९१ नम्बर ल्याएर तेस्रो हुन सफल भएका छन् ।

रिद्धिसिद्धिले असार २९ गते पिप्ले रंगशालामा ३ ओटा विधामा संचालित परीक्षाबाट १५ जना विद्यार्थी छनोट गरी छात्रवृत्ति प्रदान गरेको हो । रिद्धिसिद्धिले छात्रवृत्ति अन्तर्गत पहिलो हुने विद्यार्थीलाई मासिक रूपमा पाँच हजार, दोस्रो हुनेलाई तीन हजार ५ सय रुपैयाँ, तेस्रो हुनेलाई दुई हजार ५ सय रुपैयाँ साथै सान्त्वना स्वरुप थप १२ विद्यार्थीलाई मासिक रुपमा एक हजार ५ सय रुपैयाँ एक वर्षसम्म उपलब्ध गराउने र उक्त रकम सम्बन्धित विद्यार्थीको खातामा पठाउने व्यवस्थता गरेको जनाएको छ ।

सामाजिक उत्तरदायित्व बहन गर्दै आएको रिद्धिसिद्धिले गतवर्ष पनि ‘मकवानपुर स्मार्ट स्टुडेन्ड अफ द एअर २०८०’ मार्फत ११ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको थियो ।

# त्रिशूलीमा हराएका बसको खोजी रोक्ने तयारी



चितवन/नारायणगढ मुग्लिन सडकखण्डको सिमलतालबाट दुईवटा बस त्रिशूलीमा बेपत्ता भएको शनिबार १६ दिन पुग्यो । काठमाडौंबाट रौतहटको गौर जाँदै गरेको र वीरगञ्जबाट काठमाडौं जाँदै गरेको बस लेदो माटोसहितको पहिरोले बगाएर त्रिशुलीमा खसालेको थियो ।

दुबै बसमा रहेका कुल ६५ यात्रुमध्ये ३ जना हामफालेर बाँच्न सफल भए भने २० जनाको शव भेटियो, खोजीका क्रममा भेटिएका ४ वटा शवको अझै सनाखत भएको छैन । बाँकी यात्रु बेपत्ता छन् ।

दुर्घटनामा परेका यात्रुको परिवारजनले आफ्नो परम्परा अनुसार दाहसंस्कार पनि गरिसके । परिवारजनले १३ औं दिनको काजक्रिया गरिसक्दा पनि सुरक्षा निकायले शव खोजी जारी राखेका छन् ।

विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, नेपाली सेनाको विपद् व्यवस्थापन गण रसौली तथा भारतबाट आएको राष्ट्रिय विपद् रेस्पोन्स फोर्सको टोलीले सम्भव भएका सबै प्रविधि र उपाय लगाएर खोजी गरेका छन् । लगातार १५ दिनदेखि खोजी कार्य गर्दै आएका सुरक्षाकर्मीहरु पनि आजित बनिसकेका छन् । भारतीय टोली आइतवार फर्किने तयारीमा छ ।

निरन्तर रुपमा बसको खोजीमा जुटेका एक सुरक्षा अधिकृत भन्छन्, ‘हामीलाई यी बस भेटिँदैन भन्ने थाहा छ, सायद अरुलाई पनि अब थाहा भयो होला, परिवारले पनि आश मारे । तर हामी निरन्तर यसमा लागिरहेका छौं ।’

बसको खोजीमा दैनिक सयौं जना सुरक्षाकर्मीहरु परिचालन गरिएको छ । पछिल्लो समय नारायणी नदी किनारमा शव पनि भेटिन छाडेको छ ।

बस र यात्रुको कहिलेसम्म खोजी गर्ने भन्ने अन्योल छ । ती सुरक्षा अधिकृत भन्छन्, ‘यति दिन खोज्ने भन्ने त्यस्तो केही छैन, जबसम्म माथिबाट खोजी अब रोक्नु भनेर आउँदैन तबसम्म हामीले रोक्ने कुरा भएन ।’

२०७३ असोज ९ गते पोखराबाट काठमाडौं जाँदै गर्दा पूर्वगृहमन्त्री माधवप्रसाद घिमिरे चढेको कार मुग्लिनदेखि केही अगाडिको घोप्टेभीरबाट त्रिशूलीमा खसेको थियो । उनी र भाइहरु प्रकाश र मदन पनि नदीमा बेपत्ता भए ।

दुई हप्तासम्म खोजी गर्दा पनि उनीहरुको अवस्था पत्ता नलागे पछि सरकारको खोजी कार्य नै रोक्यो । परिवारले कुशको शव बनाएर दाहसंस्कार गरे ।

घिमिरेको गाडी असोज महिनामा त्रिशूलीमा पानीको बहाब अहिलेको भन्दा सानो हुँदा खसेको हो । त्यहाँबाट त्रिशूली नदी अहिले बस खसेको ठाँउसम्म आउँदा बीचमा मर्स्याङ्दी मिसिएर झन् ठूलो भएको छ । घटनास्थलबाट केही किलोमिटर तल त्रिशूलीमा सेती नदी पनि मिसिएको छ ।

अहिले मध्य बर्खा पनि भएकाले पानीको तीव्रबहाव छ र नदी धमिलो पनि छ । त्यसैले बस भेटिने सम्भावना कम रहेको निष्कर्ष निकालिएको ती सुरक्षा अधिकृतले बताए ।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले आफूहरुको प्रयासले बस भेटिने कुनै सम्भावना नरहेको जानकारी माथिल्लो निकायमा गराइसकेको बताए । घटनास्थल र त्यसभन्दा तल ३० किलोमिटर सम्म निरन्तर खोजी गर्दा पनि बस भेटिने सम्भावना निकै कम रहेको र खोजी गर्न समस्या भएको रिपोर्टिङ माथिल्लो निकायमा गरिएको प्रजिअ यादवले बताए ।

‘भोलिबाट थप खोज्ने वा रोक्ने भन्ने निर्णय आउँछ भन्ने विश्वास छ’, उनले भने, ‘अहिलेको समग्र अवस्थाको बारेमा जानकारी गराएका छौं ।’

**भारतीय टोली फर्किने**

हराएका बसको खोजीका लागि गत साउन ४ गते आएको १२ जना भारतीयको खोजी तथा उद्दार टोली आइतबार फिर्ता हुने भएको छ । प्रजिअ यादवका अनुसार भारतीय टोलीले सम्भव भएका सबै प्रविधि र उपाय लगाएर खोजी गरे पनि बस नभेटिएको प्रतिवेदन दिएर फिर्ता हुनेछ ।

**१९ किलोको चुम्बक नै हरायो**

शनिबार दिउँसो बसको खोजी लागि प्रयोग गरिएको १९ किलोको चुम्बक नै पानीमा हराएको छ । भारतबाट १४ र १९ किलोको दुईवटा चुम्बक ल्याएर खोजी गरिएको थियो । तीमध्ये १९ किलोको चुम्बक हराएको प्रहरी स्रोतले जानकारी दिएको छ । चुम्बकसँगै लाइफ ब्वाई ट्युब पनि पानीले बगाएको छ ।

खोजीमा जुटेका नेपालका एक सुरक्षा अधिकारीले पानीको तीब्र प्रवाहका कारणले चुम्बक हराउनु सामान्य कुरा भएको बताए । उनले भने, ‘९/९ टनका बस नदीमा हराएका छन्, १९ किलोको चुम्बक हराउनु कुन ठूलो कुरा भयो र ?’

*(स्रोत: अनलाइनखबर)*

# मौद्रिक नीतिले सेयर बजारलाई प्रभाव पार्नसक्ने पाँच आधार

काठमाडौं/नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०८१/८२ लागि मौद्रिक नीति सार्वजनिक गरेको छ । मौद्रिक नीतिले सेयर बजारका अपेक्षालाई आंशिक मात्रै सम्बोधन गर्‍यो ।

मौद्रिक नीतिले सम्बोधन गरेको एउटा प्रमुख विषय हो- संस्थागत लगानीकर्तालाई हालसम्म सेयर धितोमा दिइने कर्जाको सीमा २० करोड हटाइएको छ । यसले गर्दा संस्थागत लगानीकर्ताले आफूसँग भएको सेयर बैंक तथा वित्तीय संस्थामा धितो राखी जति पनि कर्जा लिन पाउने छन् । यसले धितोपत्र बजारमा सकारात्मक पार्ने लगानीकर्ताको भनाइ छ ।

‘अहिलेसम्म संस्थाहरूले खुलेर ऋण लिन सकेका थिएन्, अब ऋण लिन पाउने सीमा हटेपछि संस्थागत लगानीकर्तामार्फत ठूलो संख्यामा सेयर खरिद हुन सक्छ, यसले समग्र बजार बढाउन मद्दत पुग्छ’ सेयर लगानीकर्ता संघ नेपालका कार्यवाहक अध्यक्ष ताराप्रसाद फुल्लेलले भने ।

व्यक्तिहरूले पनि कम्पनी दर्ता गरी संस्थागत रुपमा लगानी गर्नसक्ने भएकाले यसलाई सकारात्मक रुपमा लिइएको उनले बताए । त्यस्तै नीतिगत दर पनि घटाइएकाले यसले अप्रत्येक्ष रुपमा बजारलाई सकारात्मक प्रभाव पर्ने उनको भनाइ छ । ‘आन्तरिक अर्थतन्त्र चलायमान भयो भने त्यसबाट स्वभाविक रुपमा पैसा बजारमा आउँछ, मौद्रिक नीतिले केही हदसम्म आन्तरिक अर्थतन्त्र चलायमान बनाउन खोजेको देखिन्छ’ उनले भने ।

संस्थागत लगानीकर्तालाई सहज बनाइए पनि व्यक्तिगत कर्जाका सवालमा भने मौद्रिक नीतिबाट कुनै सम्बोधन गरिएन । यसको अर्थ व्यक्तिहरुले आफ्नो सेयर बैंकमा धितो राखेर पाउने अधिकतम १५ करोडको सीमा यथावत् रह्यो । अर्थात् एक व्यक्तिले आफूसँग भएको सेयर बैंक तथा वित्तीय संस्थामा धितो राखेर १५ करोडभन्दा धेरै ऋण लिन पाउँदैनन् ।

नेपाल इन्भेस्टर्स फोरमका अध्यक्ष तुलसीराम ढकालले लगानीकर्ताको आधा माग मात्रै सम्बोधन भएको बताए । ‘हामीले व्यक्तिगतको कर्जा सीमा १५ करोडलाई पनि हटाउन सुझाएका थियौं, त्यसमा सम्बोधन भएन’ उनले भने । मौद्रिक नीतिले मार्जिन ट्रेडिङको अवधारणालाई प्रोत्साहन गर्ने उल्लेख गरेको छ । राष्ट्र बैंकले हालसम्म ३४ धितोपत्र दलाल कम्पनीहरुलाई मार्जिन ट्रेडिङका लागि सहमति प्रदान गरेको छ । व्यक्तिलाई बैंकले दिने ऋणको सीमा १५ करोड कायम राखेर मार्जिन लेन्डिङतिर धकेल्न खोजेको देखिन्छ । तर मार्जिन ट्रेडिङ सहज र व्यवस्थित हुन नसकिरहेको राष्ट्र बैंकले नै स्वीकारेको छ ।

त्यस्तै सेयर लगानीकर्ताले मौद्रिक नीतिबाट ठूलो सेयर धितो कर्जाको जोखिम भार १२५ प्रतिशतलाई झारेर १०० मा कायम हुने अपेक्षा गरेका थिए । ‘हाम्रो यो माग यथावत् रहिरहने भयो’ ढकालले भने । हाल ५० लाखमाथिको सेयर कर्जाको जोखिमभार १२५ प्रतिशत छ भने ५० लाखमुनिको सेयर कर्जा जोखिभार १०० प्रतिशत नै छ ।

ठूलो कर्जाको जोखिमभार घटाउँदा एकातिर बैंकहरुलाई पूँजीकोषको दवाव कम पर्ने अर्कोतिर बैंकबाट सेयर कर्जा बढ्न सक्ने अनुमानमा लगानीकर्ता थिए । ‘सेयर बजार धेरै नै बढेका बेला केही जोखिम थियो होला, तर बजार घटेका बेला जोखिमभारलाई यथावत राख्नुपर्ने जरुरत थिएन’ ढकालले भने ‘हालसम्म सेयर धितो कर्जामा गएको कुनै पनि कर्जा डिफल्ट भएको उदाहरण छैन ।’

सेयर बजारमा बैंक तथा वित्तीय संस्थाहरुकै बाहुल्ययता छ । त्यसकारण मौद्रिक नीतिले ती संस्थाको बिजनेस विस्तार तथा नाफा वृद्धिमा लिने लक्ष्यले पनि बजारलाई प्रभावित पार्दछ । बैंक तथा वित्तिय संस्थाहरूको पुँजीकोषमा परेको दवाबलाई कम गर्न मौद्रिक नीतिले प्रयास गरेको छ । त्यस्तै, कर्जाको नोक्सानी व्यवस्थासम्बन्धी नीतिगत व्यवस्थालाई खुकुलो बनाउँदै बैंकको नाफा बढाउने प्रबन्ध पनि गरिदिएको छ । बैंक तथा वित्तीय संस्थाहरुको २०८१ असार मसान्तसम्मको अवधिमा पाकेको ब्याज २०८१ साउन मसान्तसम्ममा प्राप्त भएमा विद्यमान लेखामानको अधीनमा रही त्यस्तो रकमलाई आर्थिक वर्ष २०८०/८१ मा आम्दानी बाँध्न पाउने व्यवस्था गरिने मौद्रिक नीतिमा उल्लेख छ । यो व्यवस्थाले बैंक तथा वित्तीय संस्थाबाट सेयरधनीले पाउने लाभांश बढ्न मद्दत पुग्छ, जसले बैंकहरूको सेयर मूल्य बढ्न योगदान पुग्छ ।

सार्वजनिक मौद्रिक नीतिले लघुवित्त संस्थाहरुले लिन पाउने अधिकतम ब्याजदर १५ प्रतिशतमा पुनरावलोकन गर्ने भनेको छ । यो ब्याजदर बढाउन वा घटाउन खोजिएको भन्ने स्पष्ट छैन । लघुवित्तको नाफामा यसले सिधा असर पार्दछ । लघुवित्तको अधिकतम ब्याजदर घटाउँदा त्यसले नकारात्मक असर पार्दछ भने बढाउँदा कम्पनीको नाफा पनि बढ्ने भएकाले बजारमा सकारात्मक प्रभाव पार्दछ । त्यस्तै लघुवित्तले दिन पाउने लाभांशको सीमालाई पनि हटाइएन ।

*(स्रोत: अनलाइनखबर)*

# ‘शाम्बाला’ भदौ २८ मा रिलिज हुने, नेटफिल्क्समा पनि ल्याउने तयारी



काठमाडौं/मीनबहादुर भाम निर्देशित फिल्म ‘शाम्बाला’को नेपाल प्रदर्शन मिति तय भएको छ । शुक्रबार आयोजित पत्रकार सम्मेलनमा यो फिल्म भदौ २८ गते (सेप्टेम्बर १३)मा रिलिज हुने जानकारी दिइयो ।

यो ड्रामा, एड्भेन्चर र म्याजिक रियालिज्म फिल्मलाई एप्पल इन्टरटेनमेन्टले देशब्यापी प्रदर्शन गर्न लागेको हो । ‘हामीले यो फिल्मलाई नेपालब्यापी रिलिज गर्दैछौं’ लामो समयदेखि विदेशी फिल्मको वितरणमा समेत सक्रिय एप्पल इन्टरटेनमेन्टका प्रमुख नकिम उद्दिनले भने ।

विश्व प्रसिद्ध बर्लिन फिल्म फेस्टिभलमा वर्ल्ड प्रिमियरपछि यो फिल्म अगस्ट पहिलो साता स्वीटजरल्याण्डको लोकार्नोमा स्क्रिनिङ हुँदैछ । प्रतिष्ठत फेस्टिभलमा प्रदर्शनपछि निर्माता कम्पनी सुनी फिल्मसले यो फिल्मलाई स्वदेशमा रिलिज गर्न लागेको हो । नेपाली र तिब्बती भाषामा रिलिज हुने यो फिल्मलाई नेपालमा अंग्रेजी र नेपाली सबटाइटलमा समेत प्रदर्शन गरिनेछ । सहरी क्षेत्रमा अंग्रेजी सबटाइटलमा देखाइने तयारी एप्पलको छ ।

पत्रकार सम्मेलनमा निर्देशक भामले ग्लोबल दर्शकपछि अब आफू घरेलु दर्शकमाझ आउन लागेकोमा उत्साही रहेको बताए । ‘मेरो पहिलो फिल्म कालोपोथी केही हलमा मात्र रिलिज भएको थियो । यो भने, वाइडरुपमा नेपालभर लगाउँदैछौं’ भामले भने ।

झण्डै १४ करोड नेरु बजेट तय रहेको यो फिल्मलाई अहिलेसम्मकै महंगो नेपाली फिल्म बताइएको छ । यो फिल्मले नेपालको चलचित्र विकास बोर्डसहित विश्वका १७ अन्तर्राष्ट्रिय संस्थाबाट फण्ड जितेको छ । फिल्मलाई नेटफ्लिक्समा रिलिजका लागि आफ्ना विदेशी निर्माताहरु लागिपरेको समेत भामले जनाए ।

‘कालोपोथी’ निर्देशक भामको यो दोस्रो निर्देशकीय फिचर हो । फिल्ममा थिन्ले ल्हामो र सोनम तोप्देन शीर्ष भूमिकामा छन् । यो फिल्मले नेपालको पश्चिमी हिमाली क्षेत्रमा प्रचलित बहुपतिप्रथाको कथा पेश गर्छ । फिल्मले एक पुरुष र उनका दुई साना भाइसँग बहुआयामी वैवाहिक सम्बन्धमा रहेकी एक महिला पेमालाई पछ्याउँछ । जब व्यापारका लागि गएका पुरुष फर्किंदैनन्, तब पेमाले आफ्नो गर्भमा रहेको बच्चालाई वैधता दिनका लागि उसलाई खोज्न थाल्छिन् ।

पत्रकार सम्मेलनमा निर्देशक भामले बौद्ध दर्शनलाई आफूले कथावस्तुमा समेटेको बताए । अभिनेत्री थिन्ले ल्हामोले आफू गर्भवती महिलाको रोलमा देखिँदा चरित्रमा डुब्न धेरै प्रयास गरेको अनुभव सुनाइन् ।

पत्रकार सम्मेलनमा फिल्म निर्देशक नवीन सुब्बा र निश्चल बस्नेतले पनि भामलाई बधाई तथा शुभकामना दिए । सरकारप्रति आक्रामक सुनिएका बस्नेतले सरकारले गर्नुपर्ने काम भामले गरेको बताए । निर्देशक सुब्बाले भामले विश्वस्तरमा नेपाली फिल्मको स्वीकार्यता बढाएको बताए ।

उक्त अवसरमा थांका कलाकार पासाङ डोल्पाले पोतेको थांका पोस्टर अनावरण गरियो । एप्पल इन्टरटेनमेन्ट तथा क्यूएफएक्स प्रमुख उद्दिनले पोस्टर अनावरण गर्दै रिलिज मिति घोषणा गरे । ‘शाम्बाला’को अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार बेल्जियमको वितरण कम्पनी बेस्ट फ्रेन्ड फरेभरले लिएको छ । फिल्मको मल्टिप्लेक्स पार्टनरमा क्यूएफएक्स छ । फिल्म निर्माणमा फ्रान्स, नर्वे, हङकङ, टर्की, ताइवान र अमेरिकी कम्पनीले पनि सहकार्य गरेका छन् ।

# पहिलो खेलमै पराजित भएर बाहिरिए श्यान्टु

काठमाडौं/नेपाली टेबलटेनिस खेलाडी श्यान्टु श्रेष्ठ पेरिस ओलम्पिक २०२४ को पहिलो खेलमै पराजित भएका छन् । प्रारम्भिक चरण अन्तर्गत शनिबार भएको खेलमा २४ वर्षीय श्यान्टु सेनेगलका खेलाडी ३२ वर्षीय इब्राहिम डियाबसँग ४-० ले पराजित भए ।

पहिलो गेममा श्यान्टुले इब्राहिमलाई कडा टक्कर दिएका थिए । तर १०-१० को अवस्थाबाट इब्राहिमले लगातार दुई अंक जोड्दै पहिलो गेम १२-१० ले आफ्नो पक्षमा पारे । दोस्रो गेममा इब्राहिम हावी बन्दै ११-३ ले आफ्नो पक्षमा पारे । तेस्रो गेममा पनि लय कायम राख्दै इब्राहिमले ११-४ ले जिते । चौथो गेम ११-५ ले जित्दै इब्राहिमले खेल सहजै जितेका हुन् ।

इब्राहिमले अब राउण्ड अफ ६४ मा हङकङका वाङ चुङसँग खेल्नेछन् । छनोट चरण पार पारेर ओलम्पिक खेल्ने तेस्रो नेपाली खेलाडी बन्दै इतिहास रचेका श्यान्टुको ओलम्पिक यात्रा भने पहिलो खेलबाटै समाप्त भएको छ । यसअघि तेक्वान्दोका संगिना वैद्य र दीपक विष्टले मात्र छनोट चरण पार गरेर ओलम्पिक खेलेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# फास्ट ट्र्याकमा जग्गा अधिग्रहणको प्रतीक्षामा सेना

साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ राष्ट्रिय गौरव एवं रणनीतिक महत्वको काठमाडौँ-तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) सडक आयोजना निर्धारित समयमै सम्पन्न गर्नेगरी निर्माणलाई तीव्र गतिमा अघि बढाइएको छ ।

नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन सो आयोजनाको हालसम्म ३५ दशमलव ३८ प्रतिशत भौतिक र ३६ दशमलव ६६ प्रतिशत वित्तीय प्रगति भएको छ । निर्धारित समयमै निर्माण सम्पन्न गर्नेगरी काम भइरहेको सेनाले जनाएको छ । द्रुतमार्ग २०८३ चैत मसान्तसम्ममा सम्पन्न गर्ने लक्ष्य छ । आयोजनालाई १३ वटा प्याकजमा छुट्याएर निर्माण थालिएको थियो ।

ती प्याकेजमध्ये द्रुतमार्गको छ दशमलव पाँच किलोमिटरदेखि ७० दशमलव ९७ किलोमिटरसम्मका विभिन्न १० वटा प्याजेकमा धमाधम काम भइरहेको आयोजनाका प्रमुख सहायक रथी विकास पोखरेलले जानकारी दिए । प्याकेज नं ११ अन्तर्गत खोकना इलाकाको जिरो किमिदेखि छ दशमलव पाँच किमिमा द्रुतमार्गको सुरु बिन्दु निर्धारण, सवारी आवागमन व्यवस्थापन सम्बन्धी निर्णय र जग्गा अधिग्रहण सम्बन्धी समस्या समाधान पश्चात खरिद प्रक्रिया सुरु गर्ने गरी तयारी अवस्थामा रहेको नेपाली सेनाले जनाएको छ । आयोजनाको ९५ प्रतिशत प्याकेज कार्यान्वयनको चरणमा प्रवेश गरिसकेका छन् ।

**तीन सुरुङ निर्माणाधीन**

परिमार्जित विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार छ मध्ये तीन वटा सुरुङ निर्माण भइरहेका छन् भने अन्य तीन सुरुङको डिजाइन तथा पूर्वतयारीका कार्य जारी छ। निर्माणाधीन तीन वटा सुरुङमार्गको लम्बाइ छ दशमलव ६६९ किमिमध्ये पाँच दशमलव पाँच सय २८ किलोमिटर सुरुङ खन्ने कार्य सम्पन्न भएका छन् ।



तीन दशमलव ३२२ किमिको निजगढ-काठमाडौँतर्फको महादेवटार सुरुङ हालसम्म दुई दशमलव ०२९ किमि तथा तीन दशमलव ३८६ किमिको काठमाडौँ-निजगढतर्फ दुई दशमलव २८८ किमि सुरुङ खनिसकिएको छ । सो सुरुङ यसैवर्ष सम्पन्न गर्नेगरी राति पनि काम भइरहेको सेनाले जनाएको छ ।

निजगढ-कामाठाडौँ तर्फको एक दशमलव ६५३ किमि धेद्रे सुरुङ गत जेठ ११ गते 'ब्रेकथ्रु' भइसकेको छ भने एक दशमलव ७२८ किमिको काठमाडौँ-निजगढ सुरुङ यही महिनामा 'ब्रेकथ्रु' गर्ने तयारी छ । लेनडाँडामा रहेको निजगढ-काठमाडौँतर्फको एक दशमलव ६१२ किमि र काठमाडौँ-निजगढतर्फको एक दशमलव ६३३ किमि सुरुङ यसअघि नै खनिसकिएको छ ।

आयोजनाअन्तर्गत विभिन्न स्थानमा निर्माण हुने ८९ मध्ये ८५ वटा पुल ठेक्का व्यवस्थापन भई कार्यान्वियनको चरणमा रहेका छन् । बाँकी चार वटा पुल खोकना क्षेत्रमा रहेका छन् । सो क्षेत्रमा जग्गा अधिग्रहणसम्बन्धी समस्याका कारण निर्माणमा जान नसकेको सेनाको भनाइ छ । निर्माणाधीन अधिकांश पुलको जमिनमुनी (फाउण्डेसन) को काम सम्पन्न भई जमिनमाथिका काम भइरहेको छ । द्रुतमार्गमा ८१ मिटर अग्ला पुल निर्माण हुनेछन् । हालसम्म पाँच स्थानका पुल निर्माण भइसकेका छन् ।

**जग्गा अधिग्रहणमा ढिलाइ**

आयोजनाका लागि आवश्यक जग्गा अधिग्रहणको काममा ढिलाइ हुँदा निर्माण प्रभावित भएको छ । आयोजनाका लागि करिब १७ हजार ६५१ रोपनी जग्गा आवश्यक पर्नेछ । त्यसमध्ये पाँच हजार चार सय ८७ रोपनी व्यक्तिको जग्गा हो ।

हालसम्म चार हजार आठ सय ११ रोपनी जग्गा अधिग्रहण भइसकेको छ भने तीन सय ९४ रोपनी जग्गा अधिग्रहण हुन बाँकी छ । खोकना-बुङ्मती खण्डमा दुई सय छ रोपनी जग्गाको मुआब्जा वितरण भएको छैन । आयोजना निर्माणबाट वातावरणीय क्षति हुन नदिन पर्याप्त सजगता अपनाइएको सेनाले जनाएको छ । आयोजना क्षेत्रमा हालसम्म ३१ हजार सात सय ४३ रुख काटिएका छन् । ती रुखको सट्टामा सात लाख पाँच हजार पाँच सय ५२ बिरुवा रोपिएका छन् ।

**सुरुङ र पुल मात्र २३ किलोमिटर**

प्रस्थान बिन्दु ललितपुरको खोकना र अन्तिम बिन्दु बाराको निजगढ रहेको सो सडकको लम्बाइ ७० दशमवल ९७७ किलोमिटर छ । द्रुत मार्ग पहाडी भूभागमा २५ मिटर र तराई भूभागमा २७ मिटर फराकिलो हुनेछ ।

द्रुतमार्गमा १० दशमवल ३०९ किमि लम्बाइको छ वटा सुरुङ बन्ने छन् । आयोजनाअन्तर्गत देवीचौरमा एक किमि, सिसौटारमा शून्य दशमलव ३९ किमि, चन्द्राम भीरमा दुई दशमलव २५ किमि, महादेवडाँडामा तीन दशमलव ३५५ किमि, धेद्रेमा एक दशमलव ६९१ र लेनडाँडामा एक दशमलव ६२३ किमि लामो सुरुङ निर्माण हुनेछ ।

सो सडकमा विभिन्न स्थानमा १२ दशमलव ८८५ किमि लम्बाइको ८९ वटा पुल निर्माण हुनेछ । बुदुनेमा दुई वटा विश्रामस्थल तथा खोकना, बुदुने र निजगढमा एक/एक वटा इन्टरचेन्ज र टोल प्लाजा निर्माण गरिनेछ । मन्त्रिपरिषद्को २०७४ वैशाख २१ गतेको निर्णयानुसार सो आयोजना निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई दिइएको हो । सो आयोजनाको २०७४ जेठ १४ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले बाराको निजगढमा शिलान्यास गरेका थिए ।

सरकारले २०७४ साउन २७ गते सडक विभागबाट सेनालाई आयोजना हस्तान्तरण गरेको थियो । सोही वर्षको मङ्सिरदेखि सेनाको जनशक्ति तथा राष्ट्रियस्तरका निर्माण व्यवसायीमार्फत द्रुतमार्गको 'ट्र्याक' निर्माण प्रारम्भ भएको थियो । वि.सं २०७५ चैतमा अन्तर्राष्ट्रिय परामर्शदाता सोसुङ इञ्जिनियरिङ एण्ड कन्सल्टिङले तयार गरेको आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) २०७६ मा स्वीकृत भएको थियो । वि.सं २०८० साउन ३० गते आयोजनाको परिमार्जित डिपिआर स्वीकृत भएको थियो ।

# बागमतीमा एक वर्षमा ९ सय ७७ जनाले गरे आत्महत्या

साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ बागमती प्रदेशका मकवानपुरसहित १० जिल्लामा गत आर्थिक वर्ष २०८०/८१ को एक वर्ष अवधिमा झण्डै एक हजार जानाले आत्महत्या गरेका छन् ।



विगत दुई वर्षको तथ्यांक हेर्दा गत आवमा आत्महत्या गर्ने बढे । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाकाअनुसार उपत्यकाका तीन जिल्लाबाहेक १० जिल्लामा आव ०८०/०८१ मा ९ सय ७७ जनाले आत्महत्या गरेका हुन् । अघिल्लो वर्ष ९ सय ४० जनाले आत्महत्या गरेका थिए । अधिकांशले झुण्डिएर आत्महत्या गरेका छन् । दुवै वर्ष वैशाखदेखि असार/साउनमा आत्महत्याका घटना बढी भएको प्रहरीको अनुसन्धानले देखाएको छ ।

मकवानपुरमा आव ०८०/८१ मा १ सय ४४ जनाले आत्महत्या गरेको तथ्यांक छ । आव ०७८/०७९ मा मकवानपुरमा १ सय २५ जना र आव ०७९/०८० मा ५७ महिलासहित १ सय ५२ जनाले आत्महत्या गरेका थिए । जिल्ला प्रहरी कार्यालय हेटौंडाको तथ्यांक अनुसार मकवानपुरमा महिनामै ११/१२ जनाले आत्महत्या गर्ने गरेका छन् । आत्महत्याको घटना मकवानपुरमा मात्र बढेको होइन, सिंगो बागमती प्रदेशमा बढेको देखिन्छ ।

हेटौंडा अस्पतालका डा. कमल दवाडीका अनुसार अधिकांश आत्महत्या डिप्रेसनका कारणले हुने गरेको छ । वृद्धवृद्धा, अधवैंशे उमेरका मात्र होइन, १२ वर्षकी एक बालिकाले पनि घरमा झुण्डिएर आत्महत्या गरेको तथ्यांक छ । आत्महत्याको कारणमा डिप्रेशन, आर्थिक कारोबार, घरायसी झैझगडालगायत छन् । युवा वर्गमा हुने गरेका आत्महत्याको घटनाको कारक भने लागूऔषध दुर्व्यशनी, प्रेम सम्बन्धलगायत छन् ।

चितवनमा आव ०७८/०७९ मा २ सय १४ जनाले आत्महत्या गरेका थिए भने आव ०७९/०८० मा २ सय २४ र गत आवमा २ सय ३१ जनाले आत्महत्या गरेका छन् । प्रदेशअन्तर्गत रहेका १० जिल्लामा तीन वर्षमा सबैभन्दा बढी आत्महत्या गर्नेको संख्या चितवनमा देखिएको छ । धादिङमा अघिल्लो आवमा १ सय ४२ जनाले आत्महत्या गरेका थिए भने गत आवमा १ सय ९ जनाले आत्महत्या गरेको वाग्मती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

बागमतीमा सबैभन्दा कम आत्महत्या गर्नेमा रसुवा रहेको छ । यहाँ आव ०७८/०७९ मा ५ जनाले, ०७९/०८० मा ४ जनाले आत्महत्या गरेका थिए भने ०८०/०८१ मा ८ जनाले आत्महत्या गरेको प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रवक्ता एवं वरिष्ठ प्रहरी उपरिक्षक रवि पौडेलले जानकारी दिए ।

सहनशीलता एवं धैर्यको कमी, आत्महत्यालाई निरुत्साहित गर्न सरकारी स्तरबाट कुनै प्रयास नहुनुजस्ता कारणले आत्महत्याका घटना बर्सेनि बढ्दो क्रममा रहेको चिकित्सकहरुको भनाई छ । आत्महत्या रोक्ने कुनै सरकारी गृहकार्य एवं चेतनामूलक कार्यक्रम सञ्चालन नहुँदा पनि यस्ता घटनामा वृद्धि भएको उनीहरुको दाबी छ ।

# मकवानपुरमा एक पुरुष मृत भेटिए

साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ मकवानपुरको बागमति गाउँपालिका वडा नम्बर-९ स्यालथुमवेसीमा एक जना पुरुषको वेवारिसे शव फेला परेको छ ।

बागमती खोला किनार बगरमा ४० वर्षको जस्तो देखिने हाल नाम थर वतन नखुलेको पुरुष व्यक्तिको शव रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । अहिले उक्त पुरुषको पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा शव राखिएको छ ।

# हेटौंडा-२ वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा




साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ हेटौंडा उपमहानगरपालिकाको २ नम्बर वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको छ । शनिबार एक औपचारिक समारोहका बीच उपमहानगरपालिकाकी मेयर मिनाकुमारी लामाले २ नम्बर वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरेकी छन् ।

कार्यक्रममा मेयर लामाले आर्थिक अभावको कारण बालबालिका शिक्षाबाट वञ्चित हुने अवस्थाको अन्त्य गर्न स्थानीय सरकार प्रतिबद्ध रहेको बताइन् । हिंसामुक्त नगर स्थापना गर्न सबै एकजुट हुनुपर्ने उनको भनाई छ । मेयर लामाले बालबालिकाहरुको चौतर्फी विकासको लागि अभिभावकहरुसंग सहकार्य गर्न पनि उपमहानगर तयार रहेको बताएकी छन् । उनले उपमहानगरलाई बालमैत्री नगर घोषणा गर्न ठुलो चुनौती रहेको जिकिर गरिन् ।

मेयर लामाले अरु वडाहरु पनि बालमैत्री वडा घोषणा हुने चरणमा रहेको बताए । यसैगरी कार्यक्रममा बोल्दै वडा अध्यक्ष एवम् बालमैत्री शासन मूल समारोह समितिका संयोजक विष्णु गोपाल महर्जनले आवश्यक ५१ वटा सुचकमध्ये ४६ वटा सुचकहरु शत प्रतिशत, ३ वटा सुचक ९६ प्रतिशत, १ वटा सुचक ९५ प्रतिशत र १ वटा सुचक ९० प्रतिशतसम्म पुरा गरेको दाबी गरेका छन् ।

अध्यक्ष महर्जनले बालबालिकाको वृत्तिविकासका विषयहरुलाई वडाले आफ्नो योजनामा निरन्तर समावेश गर्दै आइरहेको बताए । यसअघि ८ नम्बर वडा पनि बालमैत्री शासनयुक्त वडा घोषणा भइसकेको छ । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका सदस्य तारा ढुंगाना, उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतम र महिला बालबालिका तथा समावेशीकरण महाशाखा प्रमुख विष्णु कुमारी लामिछाने लगायतको आतिथ्यता थियो । बालमैत्री वडा घोषणा कार्यक्रम अघि ऱ्याली समेत निकालिएको थियो ।

# रोटर्याक्ट मकवानपुरमा लामिछाने पदस्थापित

साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ रोटर्याक्ट क्लव अफ मकवानपुरको अध्यक्षमा श्रीजना लामिछाने पदस्थापित भएकी छिन् । शनिबार भएको क्लवको नवौं पदस्थापन कार्यक्रमका बीच लामिछाने अध्यक्षमा पदस्थापित भएकी हुन् ।

निवर्तमान अध्यक्ष राजन कटुवालले लामिछानेलाई अध्यक्षको माला हस्तान्तरण गरेका हुन् । अध्यक्षमा पदस्थापित लामिछानेले आफ्नो कार्यकाल सफल बनाउनका लागि उपाध्यक्षमा मन्जिता मैनाली, सचिव अमितकुमार क्षेत्री, कोषाध्यक्षमा सुजन राई, क्लव एड्मिन मनोज राई, सर्भिस प्रोजेक्ट चेयर रचना कार्की, प्रोफेसनल डेभलपमेन्ट चेयर जमुना थापा, इन्टरनेशनल सर्भिस चेयर शुभरानी खत्री, मेम्बरसिप चेयरमा सृष्टी राई, पब्लिक इमेज चेयरमा गंगा थापा, सर्जन एट आर्म्समा करुणा खतिवडा तथा सल्लाहकारमा गणेशदर्पण अधिकारी, विजय पौडेल र प्रदीपकुमार राईलाई चयन गरेकी छिन् ।

उनले विभिन्न कार्यक्रम गरी आफ्नो कार्यकाललाई नमूनालायक बनाउन लागिपर्ने प्रतिबद्धता जनाइन् । हेटौंडा उपमहानगरपालिकाका प्रवक्ता एवम् १ नम्बर वडा अध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा रोटरी डिष्ट्रीक्ट ३२९२ का असिस्टेन्ट गभर्नर रामप्रसाद शर्मा, रोटरी क्लव अफ मक्वानपुरका अध्यक्ष अनिल अग्रवाल, रोटरी क्लव अफ मकवानपुरका पूर्व अध्यक्ष कविन सांगामी, रोटर्याक्ट क्लव अफ मकवानपुरका संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारी, पूर्व अध्यक्ष प्रदीपकुमार राईलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

प्रमुख अतिथि न्यौपानेले रोटर्याक्ट क्लव लगायतका सामाजिक संघसंस्थासँग सहकार्य गर्न उपमहानगर र वडा कार्यालय तयार रहेको बताए । कार्यक्रममा रोटरी क्लव अफ मकवानपुरका पूर्व अध्यक्ष कृष्णबहादुर कार्की, सचिव पवन तिमल्सिना, रोटर्याक्टका पूर्व अध्यक्ष प्रतीक्षा न्यौपाने, रोटर्याक्ट क्लव अफ हेटौंडाका अध्यक्ष सुमित्रा लामा लगायतको आतिथ्यता रहेको थियो ।

सूचना ! सूचना !! सूचना !!!
अब किन जानु पर्‍यो विदेश ?
हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्


हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।
आजै सम्पर्क गर्नुहोस्
Singhabahini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

हाम्रो सुमो सेवाको

नयाँ प्रस्तुति...

Electric Van (EV)
विद्युतीय यात्रुबाहक सेवा

२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा प्रदान गर्दै आएको यस कम्पनीले अब विद्युतीय सवारीसाधन Electric Van (EV) मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।
हेटौंडा-काठमाडौं-हेटौंडा
हेटौंडा-वीरगञ्ज-हेटौंडा
सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्
साथै, यस कम्पनीद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।
सञ्चालकः भेष खड्गी
हाम्रो सुमो सेवा
हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना